# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) मुकामः बुटवल, असोज २२ गते, २०७८ साल (संख्या १२

# भाग १

## प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको सूचना

नेपालको संविधान बमोजिम लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०७८ सालको ऐन नं ५**

**<u>प्रदेश नं. ५ प्रदेश पदक ऐन, २०७६ लाई संशोधन गर्न बनेको ऐन</u>**

**प्रस्तावनाः** यस प्रदेश नं. ५ प्रदेश पदक ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

लुम्बिनी प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, प्रारम्भ र विस्तारः**(१) यस ऐनको नाम "लुम्बिनी प्रदेश पदक (पहिलो संशोधन) ऐन, २०७८" हुनेछ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "**मूल ऐन**" भन्नाले "प्रदेश नं. ५ प्रदेश पदक ऐन, २०७६"सम्झनुपर्छ।

३. **मूल ऐनको दफा ६ को उपदफा (१) को खण्ड (क) मा संशोधनः**मूल ऐनको दफा ६ को उपदफा (१) को सट्टा देहायको खण्ड (क) राखिएको छः

क) प्रदेश सरकार अन्तर्गतका निकायमा कार्यरत कर्मचारीहरूको हकमा सम्बन्धित सचिवको सिफारिसमा आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिवले,

४. **मूल ऐनको दफा ८ को उपदफा (१) को खण्ड (ज) मा संशोधनः** मूल ऐनको दफा ८ को उपदफा (१) को खण्ड (ज) मा रहेको "पुथाश्री शिखर पदक" बाट "शिखर" भन्ने शब्द झिकिएको छ।

५. **मूल ऐनको दफा ८ को उपदफा (२) मा संशोधनः** मूल ऐनको दफा ८ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः

(२) उपदफा (१) को खण्ड (क) मा उल्लेख भएको पदक बाहेक अन्य पदकहरू "प्रथम", "द्वितीय" र "तृतीय" गरी तिन प्रकारका हुनेछन्।

प्रमाणीकरण मितिः २०७८/०६/२२

**आज्ञाले,**
**राजेन्द्र थापा**
**कानून सचिव**
**प्रदेश सरकार**



प्रकाशनः लुम्बिनी प्रदेश, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय